# राष्ट्रिय विकास समस्या समाधान समितिको २०७३ पौष १८ मा बसेको ३८ औं बैठकले गरेका निर्णयहरु

१.जलाशययुक्त आयोजना र सो क्षेत्रभित्र पर्ने पूर्वाधार विकास आयोजनाका सम्बन्धमा देहायबमोजिम गर्नेः

(क)पहिचान गरिएका संभाव्य जलाशययुक्त आयोजनाहरुमध्ये १० बर्षभित्रमा संचालन हुने आयोजनाहरुको सूची उर्जा मन्त्रालयले एक महिनाभित्र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने ।

(ख)राष्ट्रिय योजना आयोगले मस्यौदा गरेको यससम्बन्धी मापदण्डलाई एक महिनाभित्र अन्तिम रुप दिने ।

(ग)उर्जा मन्त्रालयबाट बुँदा (क) बमोजिमको १० बर्षभित्र निर्माण हुने आयोजनाहरुको सूची प्राप्त भएपछि सोलाई आधार मानी राष्ट्रिय योजना आयोगले अन्य विकास आयोजनाको तर्जुमा र निर्माणको सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने ।

२. जिल्ला सडक सञ्जालको सडक र पुल संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनशक्ति र उपकरण सहित हस्तान्तरण गर्ने र रणनैतिक सडक र पुल निर्माण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट गर्नेगरी दुई महिनाभित्र व्यवस्था गर्न समितिको ३६ औं र ३७औं बैठकमा निर्णय भए पनि कार्यान्वयन हुन नसकेकाले दुई वटै मन्त्रालयका माननीय मन्त्री र रायोआका भौतिक पूर्वाधार हेर्ने माननीय सदस्यले समन्वय गरी १५ दिनभित्र टुंगो लगाउने ।

३. एकिकृत शहरी विकास कार्यको समन्वय तथा अनुगमन गर्न मा. शहरी विकास मन्त्री संयोजक, रायोआका शहरी विकास हेर्ने मा. सदस्यउप संयोजक र सहरी विकास, संघीय मामिला तथा स्थानीय विकास, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, उर्जा र खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव सदस्य रहने गरी एक उच्चस्तरीय समिति गठन गर्ने समितिको ३७ औं बैठकको निर्णय कार्यान्वयन नभएकाले सो अनुसार ७ दिनभित्र समिति गठन गरी काम अघि बढाउने ।

४. रानीजमरा कुलरीया सिंचाइ आयोजनाको मूलनहरको रेखाङ्कनको २०० मि. भित्र रहेको ३२ कठ्ठाजग्गामा रहेका मुक्त कमैयालाई भूमिसुधार तथा व्यवस्था मन्त्रालयले अन्यत्र व्यवस्थापन गराई नहर रेखाङ्कन क्षेत्र खाली गरी निर्माण सुचारु गर्ने ३७औं बैठकको निर्णय कार्यान्वयन नभएकाले सिंचाइ, वन र भूमिसुधार मन्त्री र राष्ट्रिय योजना आयोगको बन हेर्ने माननीय सदस्य एक हप्ताभित्र आयोजनास्थल गई बिभिन्न विकल्पहरु बारे छलफल गर्ने र विवाद समाधानको नीतिगत निर्णय लिने । अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा भूमिसुधार मन्त्रालयले आवश्यक बजेटको व्यवस्थाका लागि अर्थ मन्त्रालयलाई लेखी यसको व्यवस्थापन दुई महिनाभित्र गर्ने ।

५. पम्पिङ्ग वा लिफ्टमा आधारित खानेपानी आयोजनामा लाग्ने विद्युत महशुलमा के कति अनुदान दिन सम्भव हुन्छ वा अन्य विकल्प के हुन्छन् भन्ने सम्बन्धमा उर्जा मन्त्रालयले अध्ययन गराई दुई महिनाभित्र आवश्यक नीतिगत निर्णय लिने ।

६. बनक्षेत्रमा बसोवास गरिरहेका जनता आवास कार्यक्रम क्षेत्रका लाभग्राही व्यक्तिहरुको लगत शहरी विकास मन्त्रालयले तयार गर्ने । साथै, भूमिसुधार र बन मन्त्रालय समेतको समन्वय र सहमतिमा एकिकृत बस्ती विकास समेत गर्ने लक्ष्य राखी नीतिगत निर्णय लिनुपर्ने भए दुई महिनाभित्र नेपाल सरकार (मं.प.) मा प्रस्ताव पेश गर्ने ।

७. गरीब घरपरिवार सहयोग समन्वय बोर्डले पहिचान गरेका गरीबको सूची सम्बन्धमा देहायबमोजिम गर्नेः

(१) २५ जिल्लामा पहिचान भएका गरीबको सूची सहकारी तथा गरिवी निवारण मन्त्रालयले ७ दिनभित्र प्रकाशन गर्ने ।

(२) पहिचान भएका गरीब घरपरिवारलाई मन्त्रालयले दुई महिनाभित्र परिचयपत्र बितरण गर्ने ।

(३) बिभिन्न मन्त्रालय वा निकायले लक्षित कार्यक्रम सञ्चालन गर्दा उक्त सूचीलाई आधार मान्ने र कार्यक्रम बारेको जानकारी सो मन्त्रालयलाई दिने ।

८. परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको शीघ्र बिधिमार्फत वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी कार्बाही र निर्णय ७ दिनभित्र गर्ने ।

९.भक्तपुरको सल्लाघारी तिनकुनेस्थित नेपाल ट्रष्टको करिब १०० रोपनी जग्गामा अत्याधुनिक मृगौला उपचार केन्द्र बनाउन नेपाल ट्रष्टको कार्यालयले आवश्यक प्रक्रिया पुऱ्याई उक्त जग्गा मानवअंग प्रत्यारोपण केन्द्रलाई दुईमहिनाभित्र उपलब्ध गराउने ।

१०. भवन विभागलाई जिम्मा दिइएका स्वास्थ्य संस्थाका भवन समयमै निर्माण हुन नसक्नुका कारण र अधूरा भवनलाई कसरी सम्पन्न गराउने भन्ने सम्बन्धमा स्वास्थ्य मन्त्रालयले अध्ययन गरी विकल्प सहितको प्रस्ताव दुई महिनाभित्र नेपाल सरकार (मं.प.) मापेश गर्ने ।

११. माध्यमिकतहको प्रति विद्यालय न्यूनतम ५ दरबन्दीका दरले हुन आउने नयाँ दरबन्दी र आधारभूत तहको प्राथमिक तहमा बढी भएका दरबन्दीलाई आधारभूत तहकै कक्षा ६-८ र माध्यमिक तहमा समायोजन गर्नेगरी शिक्षा मन्त्रालयले दुई महिनाभित्र शिक्षक पुनव्यर्वस्थापन योजना तयार गराउने र अर्थ मन्त्रालयबाट दरबन्दी थप सम्बन्धमा सहमति लिने ।

१२. व्यावसायिक कृषि तथा व्यापार आयोजनाद्वारा निर्माण हुने चोभारस्थित केन्द्रीय फलफूल तथा पुष्प थोक बजारस्थल बाहिरी चक्रपथको एलाइन्मेण्टमा परेको सम्बन्धमा माननीय कृषि विकास मन्त्रीको सहजीकरणमा माननीय शहरी विकास मन्त्री र रायोआको कृषि हेर्ने माननीय सदस्यले सम्बन्धित आयोजनाहरुसँग छलफल गरी उक्त चक्रपथको एलाइन्मेन्टमा असर नपर्ने गरी कृषि उपजको बजारीकरणमा अनुकूल प्रभाव पार्ने केन्द्रीय फलफूल तथा पुष्प थोक बजारस्थलको निर्माण कार्य प्रभावकारी रुपमा अघि बढाउने वातावरण १५ दिनभित्र मिलाउने ।

१३. छरिएका सरकारी तालिम केन्द्रको स्थिति अध्ययन गरी विषयगत क्षेत्र तथा औचित्यका आधारमा गाभी पुनर्व्यवस्थित गर्न सामान्य प्रशासन मन्त्रालयले तीन महिनाभित्र प्रस्ताव पेश गर्ने ।

१४. पेट्रोलियम पदार्थ तथा एल.पि. ग्याँसको भण्डारण क्षमता वृद्धि र रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइप लाईन आयोजना आपूर्ति मन्त्रालयले प्राथमिकताकासाथ एक महिनाभित्र कार्यान्वयनको व्यबस्थापन मिलाउने र यसका लागि आवश्यक बजेट व्यवस्था र अन्य सहयोग सम्वन्धित निकायले उपलब्ध गराउने ।

१५. काठमाडौं तराइ फास्ट ट्रयाक, बुढीगण्डकी जलविद्युत आयोजना, दोस्रो अन्तर्राष्ट्रिय बिमानस्थल (निजगढ) सेती जलविद्युत आयोजना र हुलाकी मार्गको कार्यान्वियन मोडालिटि सम्बन्धित मन्त्रालय वा निकायले एक महिनाभित्र निर्धारण गर्ने ।

१६.विनियोजित बजेट खर्च गर्ने अख्तियारी तथा वार्षिक कार्यक्रम स्वीकृती सम्बन्धमा देहायबमोजिम गर्नेः

(क) मन्त्रालयहरुले आयोजनाको बजेटलाई खण्डीकरण गरी टुक्रे अख्तियारी दिने प्रवृत्ति तुरुन्त अन्त्य गर्ने ।

(ख) समितिको पूर्व निर्णय बमोजिम बजेट छलफलकै समयमा वार्षिक कार्यक्रम स्वीकृत हुने र संसदवाट पेश्की खर्च ऐन वा विनियोजन ऐन स्वीकृत भएपछि खर्च गर्ने निकायमा स्वत: खर्च गर्ने अख्तियारी प्राप्त भएको मान्ने भन्ने व्यवस्थालाई अर्थ मन्त्रालयले एक महिनाभित्र कानुनी व्यवस्था गर्ने प्रक्रिया अघि बढाउने ।

१७. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न प्राधिकरण निर्देशक समितिको बैठकबाट स्वीकृत कार्ययोजना सम्वद्ध मन्त्रालयहरुले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

१८. काठमाण्डौ उपत्यकाको नदी किनारमा अतिक्रमण गरी बसेका सुकुम्बासीका सम्बन्धमा देहायवमोजिम गर्ने:

(क) उपत्यकाभित्रका बाग्मती र अन्य नदी किनार अतिक्रमण गरी बसेका सुकुम्बासी पहिचान गर्ने कार्य अन्य निकायको सहयोग लिई शहरी विकास मन्त्रालयले एक महिनाभित्र गर्ने ।

(ख) इचंगुमा बनेको भवनमा वास्तविक सुकुम्बासीलाई पुन:स्थापना गर्ने व्यवस्था शहरी विकास मन्त्रालयले तीन महिनाभित्र मिलाउने ।

१९. राष्ट्रिय गौरबका आयोजना बन्नका लागि आबश्यक आधारहरु र ती आयोजनाहरुले तर्जुमा तथा कार्यान्वयनमा पाउने विशेष प्राथमिकतासम्बन्धी मापदण्ड राष्ट्रिय योजना आयोगले दुई महिनाभित्र तयार गर्ने ।

२०. राष्ट्रिय योजना आयोगबाट एक अर्ब रुपैयाँभन्दा बढी पूँजीगत बजेट भएका विकास आयोजनाहरुको प्राथमिकताका साथ स्थलगत अनुगमन गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।